साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८३

सोह्रौं गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०३।१०

# विनियोजन ऐन, २०८३

साकेला गाउँपालिका

## गाउँ कार्यपालकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ ।

कोशी प्रदेश, नेपाल

रवि प्रकाश राई
पालिका अध्यक्ष

साकेला गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

प्रस्तावनाः

साकेला गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम साकेला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नामः साकेला गाउँपालिकाको विनियोजन ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः- (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थापन खर्च रकम समेत गरी जम्मा रकम रु ४२५७६५०००।- (अक्षरेपी बयालिस करोड सन्ताउन्न लाख पैंसठ्ठी हजार छ रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः- (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त साकेला गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. योजनामा स्वतःबजेट रहने र चालु आर्थिक वर्षमा खर्च भई बाँकी रहने बजेट सम्बन्धी विशेष व्यवस्था; चालु आर्थिक वर्षमा सम्झौता भई पेश्की समेत भुक्तानी भइसकेका र विशेष कारणले योजना सम्पन्न नभई भुक्तानी हुन नसकेका, कार्यविधि मापदण्डको अभावमा कार्यान्वयन गर्न नसकिएका योजनाहरूको विषयमा जुन शीर्षकमा बजेट विनियोजन भई फरफारक हुन बाँकी रहेको हो सोही योजना स्वतःकार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने तथा चालु आर्थिक वर्ष २०८२/८३ मा चालु पूँजिगत तर्फका विभिन्न योजनाको कार्यान्वयन पश्चात बाँकी हुन आउने रकम तथा प्रशासनिक खर्च भइ बाँकी हुन आउने रकम मध्ये आगामी आर्थिक वर्षको

साकेला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

लागि तय गरिएको सिलिङमा राखिएको अघिल्लो वर्षको मौज्दात भन्दा वढी हुन आउने रकम सामाजिक, साँस्कृतिक, आर्थिक तथा पूर्वाधार विकास विशेष कार्यक्रममा खर्च गर्न वाधा पर्ने छैन ।

५. विषयगत बजेट कार्यान्वयनः- वडागत सिलिङबाट विनियोजन भएको विषयगत बजेटको हकमा सम्बन्धित वडाको समन्वयमा संघ र प्रदेश सरकारबाट हस्तान्तरण भएको सशर्त र विशेष अनुदान रकमको हकमा कानून बमोजिम सम्बन्धित विषयगत शाखाबाट कार्यक्रम तय गरी स्वीकृत गरेर मात्र कार्यान्वयन गरिनेछ ।

६. खर्च गर्नमा बाधा नपर्नेः- गाउँपालिकाभित्र संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र गाउँपालिकाको स्रोतबाट साझेदारीमा सञ्चालन हुने योजनाका लागि कानूनको परिधिभित्र रहेर योजना कार्यान्वयन भई बाँकी हुन आउने रकम सो आर्थिक वर्षभरी आवश्यक प्रकृया अपनाई सोही योजनामा खर्च गर्न बाधा पर्ने छैन ।

साकेला गाउँपालिकाको सोह्रौं गाउँ सभाबाट मिति २०८३।०३।१० मा स्वीकृत विनियोजन ऐन, २०८३ नियमानुसार प्रमाणीकरण गर्दछु ।

मितिः २०८३।०३।११

रवि प्रकाश राई
अध्यक्ष

अनुसूची -१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

रकम (रु.) मा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | ६,८१,०२,००० | १२,२७,९९,००० | ०.०० | १९,०९,८१,००० |
| २ | | वडा समिति | ३३,००,००० | ८०,००,००० | | १,१३,००,००० |
| ३ | | विषयत शाखा (संघ र प्रदेशबाट हस्तान्तरित) | १९,२३,८२,००० | ३,४४,८२,००० | ०.०० | २२,६८,६४,००० |
| | | जम्मा | २६०४८४००० | १६,५२,८१,००० | | ४२,५७,६५,००० |

रवि प्रकाश राई
पालिका अध्यक्ष